जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ११२ पृष्ठः ४ | २०८२ भदौ ०३ गते मंगलबार (Tuesday 19 Aug. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## सिरहामा यस वर्षको रोपाइँ सकिन लाग्यो



सिरहा, २ भदौ। लामो समयको खडेरीपछि साउनको अन्त्यसम्म आइपुग्दा जिल्लामा रोपाइँ सकिन लागेको छ। कृषि ज्ञानकेन्द्र सिराहाका अनुसार हालसम्म जिल्लामा ८८ प्रतिशत रोपाइँ भइसकेको छ भने आगामी केही दिनभित्र बाँकी रोपाइँ पनि सम्पन्न हुने जनाइएको छ। प्रमुख नरेन्द्रकुमार महासेठका अनुसार साउन दोस्रो सातासम्म करिब ४५ प्रतिशत मात्र रोपाइँ भएको थियो। उनले भने,"तर साउन तेस्रो साताबाट सुरु भएको निरन्तर वर्षाले रोपाइँको गति बढायो र मसान्तसम्म आइपुग्दा ८८ प्रतिशत रोपाइँ भएको हो।"

उनका अनुसार खडेरीको समयमा अधिकांश किसानले रोपाइँ गर्न सकेका थिएनन्। तर साउनको अन्त्यतिरको अनुकूल मौसम र किसानको सक्रियता रोपाइँलाई तीव्र बनाउन मुख्य कारण बन्यो। "साउन १५ गतेअघि रोपिएको धानको उत्पादन राम्रो हुने सम्भावना छ तर त्यसपछि रोपिएको धानमा उत्पादनमा केही ह्रास आउने देखिन्छ," महासेठले भने। उनले भदौको पहिलो सातासम्म थप दुई प्रतिशत रोपाइँ पनि सम्पन्न हुने विश्वास व्यक्त गरे। "यो वर्ष जिल्लामा ९० प्रतिशत हाराहारीमा रोपाइँ पुग्ने अनुमान छ," तर जिल्लाको उत्तरी भेगमा भने केही क्षेत्रमा अत्यधिक खडेरीका कारण धान रोपोमै सुकेको देखिएको छ। यद्यपि दक्षिणी क्षेत्रमा यस्तो अवस्था नरहेको उनले स्पष्ट पारे।

कृषि ज्ञान केन्द्रले जिल्लाका १७ स्थानीय तहसँग समन्वय गरेर रोपाइँको प्रगति सम्बन्धी तथ्यांक संकलन गरेको हो। सबै स्थानीय तहका कृषि शाखाको सहकार्य गरी आफूहरुले तथ्याङ्क तयार पार्ने गरेको उनको भनाइ छ। जिल्लाको धानखेतीमा कमला नहरले पनि महत्वपूर्ण भूमिका खेलेको छ। खडेरीका समयमा भूमिगत पानीको स्रोत तथा कमला नहर मार्फत सिँचाइ भएको जमिनमा प्रारम्भिक रोपाइँ गर्न सम्भव भएको थियो। केन्द्रका अनुसार कमला नहरबाट करिब १२ हजार पाँच सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ।

विशेषगरी कर्जन्हा, मिर्चैया, कल्याणपुर, सिरहा र सुखीपुर नगरपालिकाका साथै विष्णुपुर र औरही गाउँपालिकाका किसान यसबाट लाभ लिएका छन्। सिरहामा कूल धान खेतीयोग्य ५४ हजार क्षेत्रफल जग्गा रहेको ज्ञानकेन्द्रले जनाएको छ। जिल्लामा धानबाली प्रमुख बाली हो। हरेक वर्ष करिब उस्तै परिमाणमा बर्खे धानखेती गरिँदै आएको छ। यस वर्षको प्रारम्भिक स्थितिमा देखिएको ढिलाइको बाबजुद साउन अन्त्यसम्म आइपुग्दा रोपाइँको गति उल्लेख्य बनेको छ। अब बाँकी रोपाइँ सम्पन्न भएसँगै आउँदो हप्ता जिल्लामा रोपाइँ अन्तिम चरणमा पुग्ने अपेक्षा छ।

## सामुदायिक वनमा झाडी फाँडेर वृक्षरोपण



सिरहा, २ भदौ। सिरहाको लहान नगरपालिका–१५ स्थित चुरे क्षेत्रमा पर्ने झोवाई खोल्सी सामुदायिक वनमा स्थानीय समुदायको सक्रिय सहभागितामा झाडी फाँडेर व्यवस्थित वृक्षरोपण अभियान थालिएको छ। वातावरणीय संरक्षण, जैविक विविधता विस्तार र वन उपजको उत्पादन वृद्धि गर्ने उद्देश्यले थालिएको यस अभियानले चुरे क्षेत्रको हरियाली पुनः स्थापना गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ। सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष लगनलाल चौधरीका अनुसार वनका खाली जग्गाहरूमा पहिले रोपिएका बिरुवाहरूको गोडमेल गर्नुको साथै र धमाधम बिरुवाहरू रोपिंदै छ।

उनका अनुसार डिभिजन वन कार्यालय सिरहा, लहानको प्राविधिक सहयोगमा स्थानीय उपभोक्ताहरूले वृक्षरोपण र संरक्षण

**–बाँकी तीन पेजमा**

## डुङ्गासँगै बगिरहेको जीवन

**सुदिप राउत**

सिराहा, भदौ २ गते।

"माझी दाईले जुनीभरी डुङ्गा तारिरहे,
अरूलाई तार्दातार्दै आफूचाहिँ वारि रहे।
कतै पारि जाने रहर उनको पनि थियो,
त्यहि पानीले लग्यो सलल..."

गायक उदित नारायण झाको सुमधुर स्वरमा गुञ्जिने यस पुरानो नेपाली गीतले आज पनि कमला नदीमा डुङ्गा चलाउने माझीहरूको जिन्दगीलाई सजीव बनाउँछ। क्षेत्रप्रताप अधिकारीको शब्द र आलोक श्रीको सङ्गीतमा सजिएको यो गीत जति कर्णप्रिय छ, उति नै कटु यथार्थ समेटिएको छ माझीहरूको। अरूलाई पार लगाउँदै गर्दा, आफ्नो जिन्दगी नदी किनारामै अड्किने कमलाका माझीहरूको पीडा–जुन सदियौँदेखि बगिरहेकै छ, कमलाको पानीझैं।



जब–जब कमला नदीले आकार बढाउँदै जान्छ, नदी किनारका बस्तीमा त्रास थपिँदै जान्छ। वर्षायाममा नदीको रौद्र रूपको आशङ्काले मानिसहरू चैनले बस्न सकेका छैनन्। नदीको वारिपारि घरजग्गा हुनेले खेतबारी छाड्न थालेका छन्। ठाउँ सरेका छन्, सुरक्षित स्थान रोजेका छन्। तर, यिनै किनारमा एक जना माझी 'बा' अझै पनि आफ्नो डुङ्गासँग बाँधिएर बस्नुभएको छ, ७२ वर्षीय रामसेवक सहनी।

उमेरले बुढ्यौलीले थिचे पनि बाध्यताले उहाँलाई अझै बिहान सबेरै डुङ्गा चलाउन नदीमा पुर्‍याउँछ। जसरी डुङ्गा नदीको धारसँगै बगिरहन्छ, सहनीको जीवन पनि समयको वहाबमा रोकिएर होइन,

**–बाँकी अन्तिमं पेजमा**




### जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरू:

- बिक्रेता वास्तविक हो/होईन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
- कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
- जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- लालपूर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/मिल्दैन एकीन गरौं,
- सिमानामा विवाद भए/नभएको साँध संधियारबाट बुझौं,
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकीन गर्न रेखाङ्कन गराएर मात्र खरिद बिक्री गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सिरहा अस्पतालको भरोसा, स्रोत अभावको चुनौती

प्रादेशिक अस्पताल सिरहा मधेस प्रदेशका मिर्गौला पीडित बिरामीहरूका लागि एउटा मुख्य आश्रयस्थल बनेको छ। विगत तीन वर्षदेखि संचालनमा आएको डायलाइसिस सेवा हाल अत्यधिक चापमा परेको छ। अस्पतालमा हाल १० थान डायलाइसिस मेसिनमार्फत सेवा प्रदान भइरहेको छ, तर त्यसको तुलनामा सेवाग्राहीको संख्या तीनगुणाले बढेको छ।

अस्पताल प्रमुख डा. सुनिलप्रसाद कुशवाहाका अनुसार दैनिक १० जना बिरामीले नियमित डायलाइसिस सेवा लिइरहेका छन्। तर, थप कम्तीमा २० जना बिरामी सेवा पर्खिरहेको अवस्था छ। “मिर्गौला प्रत्यारोपण सम्भव नभएको अवस्थामा डायलाइसिस नै अस्थायी विकल्प हो,“ डा. कुशवाहा भन्छन्, “तर पालो कुरिरहनुपर्ने बाध्यता यति भयावह छ कि कोही बिरामीको मृत्यु भएपछि मात्रै अर्को बिरामीको पालो आउँछ।”

डायलाइसिस उपचार निजी अस्पताल वा क्लिनिकमा जाँदा एक सत्रको खर्च ७,००० रुपैयाँसम्म पर्ने हुँदा आर्थिक रूपमा कमजोर बिरामीहरूका लागि सिरहा अस्पतालको निःशुल्क सेवा जीवनरक्षक बनेको छ। तर यही सेवामा स्रोत र साधनको गम्भीर अभाव देखिएको छ। अस्पतालले सेवा विस्तार गर्नुपर्ने आवश्यकता महसुस गरिरहे पनि आवश्यक उपकरण, जनशक्ति, र औषधिको आपूर्तिमा समस्या रहेको जनाएको छ।

डा. कुशवाहाका अनुसार मधेस प्रदेश सरकारले केही करोड मूल्य बराबरका उपकरण प्रदान गरिसकेको छ, तर ती पर्याप्त छैनन्। अझै पनि करोडौँ रुपैयाँ बराबरका डायलाइसिस उपकरण, आपूर्तिकर्ता औषधिहरू, तथा प्राविधिक जनशक्तिको अभाव रहेको उनले बताए। साथै, ९८ प्रकारका जीवनरक्षक औषधिहरू र रगतको पनि स्थायी अभाव रहेको छ, जसले सेवा सञ्चालनमा थप चुनौती खडा गरिरहेको छ।

यस्तो संवेदनशील सेवामा राज्यको गम्भीर ध्यान आवश्यक छ। डायलाइसिस सेवाले तत्काल जीवन रक्षा गर्ने काम गर्छ, र यसमा विलम्बले बिरामीको ज्यानै जाने खतरा हुन्छ। प्रदेश सरकार र संघीय सरकारको समन्वयमा सिरहा जस्ता अस्पतालहरूलाई उपकरण, औषधि र दक्ष जनशक्ति उपलब्ध गराउनतर्फ प्राथमिकता दिन जरुरी भइसकेको छ।

डायलाइसिस सेवा मात्र नभई सम्पूर्ण स्वास्थ्य प्रणालीलाई सुदृढ गर्न दीर्घकालीन योजनाको खाँचो छ। अहिलेको अवस्था हेर्दा सिरहा अस्पतालको डायलाइसिस सेवा केही सय बिरामीहरूको मात्रै नभई सम्पूर्ण क्षेत्रका जनताको विश्वासको केन्द्र बनेको छ। यसलाई मजबुत बनाउनु राज्यको जिम्मेवारी हो।

### *सामुदायिक ...*

कार्यमा सक्रिय भूमिका निर्वाह गरिरहेका हुन्। “वनको ४/५ प्रतिशत क्षेत्रमा पहिले गरिएको वृक्षरोपणको रेखदेख, संरक्षण र थप बिरुवा रोप्ने काम उपभोक्ता समितिको व्यवस्थापनमा भइरहेको छ,” चौधरीले भने। उनका अनुसार, वनमा मुख्य गरी टिक, जामुन, खयर, पाँचपाते, अमला, मसला लगाएका बिरुवा रोपिएका छन्। कुल २७७ हेक्टर क्षेत्रफलमा फैलिएको यस सामुदायिक वन क्षेत्रका खाली जग्गाहरूमा हजारौं बिरुवा लगाइएको चौधरीको भनाइ छ। त्यसमा सडक विस्तारका क्रममा नष्ट भएका बिरुवाको क्षतिपूर्तिस्वरूप पनि सामुदायिक वनमा वृक्षरोपण गरिएको छ।

यसैबीच चाइना रेलवे कम्पनीले कञ्चनपुर–कमला सडक विस्तारका क्रममा मासिएका बोटबिरुवाबापत क्षतिपूर्तिस्वरूप करिब ३८ हजार बिरुवा सामुदायिक वनमा रोपिएको छ। यस सम्बन्धमा सडक विस्तार आयोजना पश्चिम खण्ड (सिरहा) का सूचना अधिकारी सरोज कोइरालाले भने, “सडक विस्तारका क्रममा एउटा बोट मासिंदा त्यसको सट्टा २५ बिरुवा रोप्नुपर्ने प्रावधान अनुसार यस्तो गरिएको हो। त्यसमा हाम्रो आर्थिक व्ययभार मात्र रहेको छ भने बिरुवा कहाँ र कस्तो रोप्ने भन्ने जिम्मेवारी डिभिजन वन कार्यालयको हो।”

डिभिजन वन कार्यालयका सूचना अधिकारी राधेश्याम चौधरीका अनुसार स्थानीय तह, सामुदायिक वन उपभोक्ता समिति र नागरिक समाजको सहकार्यमा चुरेको वातावरणीय संरक्षणमा टेवा पुऱ्याउने उद्देश्यले यहाँका नाङ्गा डाँडामा हरियाली अभियान थालिएको बताए।

त्यसका लागि आव २०८१/८२ मा डिभिजन वन कार्यालयका तर्फबाट मात्र दश लाख जति बिरुवा रोपिएको छ, जुन चुरे संरक्षणतर्फको एक ऐतिहासिक प्रयासका रूपमा लिइएको छ।

उनले चुरे क्षेत्रका नाङ्गा डाँडामा वृक्षरोपण दिगो रूपमा अघि बढाउनुपर्नेमा जोड दिँदै अगाडि भने, “माटोको कटान, भूक्षय, पानीको अभाव जस्ता समस्याको समाधानमा वृक्षरोपणले सहयोग गर्नेछ। त्यसैले ती बिरुवाहरूलाई जोगाएर हुर्काउने र वन क्षेत्रलाई स्थायी रूपमा हरियाली बनाउन स्थानीय सामुदायिक वन समितिसँग समन्वय गर्दै अघि बढ्नेछौं।”

# नेपालका कानुनले नचिनेका र राज्यले नदेखेका एकल आमाहरू

**धना ओड**

नेपालमा एकल महिलाको संख्या बर्सेनि बढ्दै छ। राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७८) का अनुसार देशका कुल घर–परिवारमध्ये १२ प्रतिशतमा विधवा महिला र दुई प्रतिशत अन्य एकल महिला ( सम्बन्धविच्छेद, छुट्टिएर बस्ने वा अविवाहित) गरी जम्मा १४ प्रतिशतमा एकल महिला रहेका छन्। यस तथ्याङ्कको सतहमुनि हजारौँ महिला छन्, जो श्रीमान्को असहयोग, हिंसा वा विश्वासघात सहन नसकेर अलग बस्न थालेका छन् तर कानुनी मान्यता नपाउँदा उनीहरू न ‘एकल महिला’को परिभाषाभित्र पर्छन् न त राज्यका नीतिहरूमै। उनीहरू सरकारी आँकडामा नदेखिने, कानुनी परिभाषामा नअट्ने र सामाजिक सुरक्षाबाट वञ्चित हुने अदृश्य समूह हुन्। कानुनले नचिनेका कारण एकल महिलाका लागि राज्यले व्यवस्था गरेको अधिकार, सामाजिक सुरक्षा, सरकारी सुविधा र मनोसामाजिक सहयोगबाट उनीहरू वञ्चित छन्।

‘एकल महिला सुरक्षा कोष सञ्चालन नियमावली २०७०’ र राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन २०७८ ले विधवा, ३५ वर्षभन्दा माथिका अविवाहित, कानुनी रूपमा सम्बन्धविच्छेद भएका वा सम्बन्धविच्छेद नभए पनि कानुनी रूपमा मानो–चामल लिएर वा अंश बुझी श्रीमान्सँग छुट्टिएर बसेका र पाँच वर्षभन्दा बढी समयदेखि बेपत्ता पतिका पत्नीलाई मात्र ‘एकल महिला’ भनेर परिभाषित गरेको छ। कानुनी प्रक्रिया सुरु नगरेका तर व्यवहारमा पूर्ण रूपमा एकल आमाको भूमिका निभाइरहेका महिलाहरू यो दायराबाट बाहिर छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार करिब ९.८ मिलियन बालबालिकामध्ये १.७ मिलियन ( १८.१ प्रतिशत) एकल अभिभावकसँग बस्छन्, जसमा १७.१ प्रतिशत एकल आमासँग र १ प्रतिशत एकल बाबुसँग छन्। यद्यपि कानुनी रूपमा नछुट्टीकन वर्षौंदेखि अलग जीवन बिताउँदै एकल अभिभावकको भूमिका निर्वाह गरिरहेका आमाहरूको अवस्था सामाजिक र कानुनी दृष्टिकोणबाट निकै जटिल छ । कानुनी संरचना अनुसार यिनीहरुको एकल महिलामा गणना नभएकाले विस्तृत तथ्याङ्क आउन सकेको छैन।

यस अध्ययनमा सहभागी सबै एकल आमाहरू स्वावलम्बी थिए। व्यवसाय, रोजगारी वा अन्य माध्यमबाट आफ्नै जीविकोपार्जन गर्दै बच्चाहरूको लालनपालन, शिक्षादीक्षा गर्दै आएका थिए। आफ्नै मेहनतले सम्पत्ति जोडेका थुप्रै छन् तर अहिले सम्बन्धविच्छेद गर्दा श्रीमान्ले बराबरी हिस्साको दाबी गर्न सक्ने कानुनी प्रावधान रहेका कारण धेरै महिलाहरू सम्बन्धविच्छेदको कानुनी बाटोमा जान नसकेको यो अध्ययनले देखाएको छ। विकराल समस्याका बाबजुद पनि यी आमाहरू कानुनी रूपमा सम्बन्धविच्छेद गर्न सकिरहेका छैनन्। जसको मुख्य कारण विद्यमान कानुनी व्यवस्थाले सम्बन्धविच्छेदलाई जटिल, खर्चिलो, असमान र महिलाका लागि अन्यायपूर्ण बनाएको छ।

देवानी संहिता २०७५ अनुसार सम्बन्धविच्छेदअघि पति–पत्नीबिच अंशबन्डा गर्नुपर्छ, चाहे सम्पत्ति कुनै एकको मेहनतले जोडेको किन नहोस्। यसले आफ्नो कमाइमा श्रीमानले दाबी गर्न सक्ने डरले धेरै महिलालाई कानुनी बाटोबाट टाढा राख्छ। एक सहभागी आमाले भनिन्, ‘मैले ऋण लिएर घर बनाएकी हुँ। छुट्टिएँ भने कानुनअनुसार उसलाई पनि अंश दिनुपर्छ, जुन सरासर अन्याय हो।’

अर्की आमा थप्छिन्, ‘श्रीमान्को चरित्र र व्यवहार सहन नसकेर अलग बस्न थालेकी हुँ तर कानुनले मेरो पीडा र स ‍ ‍ ‍ र्ष देख्दैन। जसले आफ्नो सम्पत्ति रमाइला ठाउँ घुमेर र केटीहरूसँग बसेर उडायो, उसकै नाममा सबै पुर्ख्यौली सम्पत्ति सुरक्षित छ। मचाहिँ वर्षौंको मेहनतले कमाएको सम्पत्ति समेत बाँड्न बाध्य ? त्योभन्दा बरु चुपचाप सहेर बाँच्नु नै सहज लाग्छ।’

यी महिलाको वैवाहिक जीवन कानुनी रूपमा नछुट्टिएको भए पनि व्यवहारतः टुङ्गिएको छ तर यो कानुनी व्यवस्थाले महिलालाई कानुनी बाटो रोज्न हतोत्साहित गर्छ। जिम्मेवारी नलिने पतिलाई बराबरी हिस्सा दिने व्यवस्थाले पीडित महिलाहरू झनै मारमा परेका छन्। यस अध्ययनमा सहभागी आमाहरूले भोग्दै आएका प्रमुख कानुनी अड्चन र चुनौतीहरू यस प्रकार छन् :

नेपालको संविधानले महिला र पुरुषलाई अंश र वंशमा समान अधिकारको व्यवस्था गरेको छ। यद्यपि देवानी संहिता २०७५ मा यो समानताको भावना प्रतिविम्बित भएको देखिँदैन। संहिताले विगतको मुलुकी ऐनको व्यवस्थालाई निरन्तरता दिँदै महिलालाई मुख्यतः पतिबाट मात्र सम्पत्ति प्राप्त गर्न सक्ने अधिकारलाई मान्यता दिएको छ।

हाम्रो परम्परागत मान्यता अनुसार विवाहपछि महिला श्रीमान्को वंशमा प्रवेश गर्छिन्, शारीरिक र आर्थिक रूपमा पनि श्रीमान्सँगै बस्छिन्, त्यसैले केवल श्रीमान्बाट मात्रै सम्पत्ति प्राप्त गर्ने अधिकार राख्छिन् भन्ने मानसिकताबाट यो कानुन निर्देशित छ। यस मानसिकताले महिलालाई आफ्नो पैतृक सम्पत्तिमा पहुँचबाट टाढा राख्दै आएको छ। खासमा यो कानुन महिलाका हक र अधिकारको संरक्षण गर्ने मानसिकताले बनाइएको देखिन्छ। महिलाले सम्पत्ति कमाउनमा योगदान गर्न सक्दैनन्, त्यसैले सम्पत्ति र आर्थिक अधिकारबाट वञ्चित होलान् भनेर यस कानुनमा पतिको सम्पत्तिबाट महिलाले अंश पाउने व्यवस्था गरियो। दुःख गरेर कमाउने, सम्पत्ति जोडेका महिला र पुरुषहरू दुवैलाई समस्या पारेकाले मानव अधिकार र समानताको दृष्टिकोणबाट अहिलेको अवस्थामा यो कानुन त्रुटिपूर्ण छ।

देवानी संहिता दफा ९९ (१) अनुसार पतिका कारणले पति–पत्नीबिच सम्बन्धविच्छेद हुने अवस्थामा पत्नीले माग गरेमा सम्बन्धित अदालतले सम्बन्धविच्छेद गर्नुअघि पति–पत्नीबिच अंशबन्डा गर्न लगाउनुपर्नेछ। यस्तै, उपदफा ( ३) अनुसार सगोलको सम्पत्ति पति–पत्नी दुवैको नाममा वा पति–पत्नीमध्ये कुनै एकको नाममा रहेको भए, सम्बन्धविच्छेद गर्नुअघि पक्षहरूबिच कानुनबमोजिम त्यस्तो सम्पत्तिको अंशबन्डा गर्नुपर्नेछ। यस व्यवस्थाले महिलाहरू आफैँ पनि स्वावलम्बी हुन्छन्, कमाइ गर्न सक्छन् भन्ने दृष्टिकोणलाई पर्याप्त रूपमा विचार नै गरेको छैन। अहिलेको समाजमा हेर्दा इमानदार, दुःख गरेर कमाइरहेका महिलाको संख्या ठुलो छ। तिनै महिलाले श्रीमानबाट अनेक समस्या भोगिरहेका छन्। यस्ता महिलाहरूले न पैतृक सम्पत्ति प्राप्त गर्न सकेका छन्, न त श्रीमान्को सम्पत्ति नै। सम्बन्धविच्छेद हुँदा उल्टै आफैँले मेहनत गरेर कमाएको सम्पत्ति पनि गैरजिम्मेवार श्रीमान्लाई (पैतृक वा स्वआर्जन सम्पत्ति नभएका श्रीमान्हरूको हकमा) बाँड्नुपर्ने कि त श्रीमान्ले जति दुःख दिए पनि सहनुपर्ने अवस्था सिर्जना भएको छ। दुःख गरी कमाउने इमानदार पुरुषको हकमा पनि त्यही समस्या परेको छ। यो कानुन पैतृक सम्पत्तिमा मात्र केन्द्रित भई क्षतिपूर्ति र भरणपोषणका बारेमा खासै व्यवस्था नभएकाले खालि सम्पत्ति ताकेर बिहे गर्नेहरूलाई बढी फलदायी भएको देखिन्छ। यता दुःख गरी कमाउने महिला–पुरुष जो–कोहीलाई मर्कामा पारेको छ।

दफा ९४ अनुसार महिलाका कारण सम्बन्धविच्छेद हुने भए। जस्तो कि खान–लाउन नदिएको, श्रीमान्लाई घरबाट निकालेको, अङ्गभङ्ग गरेको, अर्कोसँग शारीरिक सम्पर्क गरेको अवस्थामा पतिले डिभोर्स गर्दा सम्पत्ति दिनुनपर्ने र मुलुकी देवानी संहिता– १०० र १०१ अनुसार श्रीमतीले कुनै पनि कारणले विवाह नगरी मानो चामलसहित अंश लिई बस्ने निर्णय गर्दा श्रीमान्ले अंशबापत श्रीमतीलाई सम्पत्ति बाँडफाँड गरेको अवस्थामा श्रीमान्ले अर्को विवाह गर्न सक्ने अधिकार छ। श्रीमतीले अर्को बिहे गरेको अवस्थामा श्रीमान्लाई सम्पत्ति फिर्ता गर्नुपर्ने, भरणपोषण दिनुनपर्ने विभेदकारी व्यवस्था गरेको छ तर शारीरिक वा मानसिक अत्याचार सहन नसकी डिभोर्स दिनपर्दा महिलाले आफ्नो एक्लो प्रयासले कमाएको सम्पत्तिका सम्बन्धमा कहीँकतै के गर्ने भन्नेबारे कानुन बोलेको छैन। त्यसैले यो व्यवस्था आफैँमा विभेदकारी छ। व्यावहारिक धरातलमा हेर्दा श्रीमतीलाई श्रीमान् र उसको परिवारले राजीखुसीले सम्पत्ति दिने कुरै हुँदैन। बाध्यात्मक रूपमा कानुनी मुद्दा लडेर सम्पत्ति प्राप्त गरेको स्थितिमा महिलालाई सामाजिक मूल्य–मान्यता, संस्कार र छोराछोरीको जिम्मेवारी सम्हाल्नुपर्ने हुन्छ। अनि श्रीमान्ले अर्को बिहे गरेको चुप लागेर सहनुपर्ने बाध्यता सिर्जना हुन्छ।

महिलाहरूले पैतृक सम्पत्तिमा जन्मसिद्ध अधिकार (विवाह भएको वा नभएको, दुवै अवस्थामा) र श्रीमान्को सम्पत्ति (विवाहपश्चात् महिलाले श्रीमान्को सम्पत्तिमा हक राख्छन्। डिभोर्स भएमा, श्रीमान्को सम्पत्तिबाट महिलाले न्यायोचित हिस्सा पाउने कानुनी व्यवस्था छ) गरी दुई किसिमले सम्पत्ति पाउने कानुनी व्यवस्था छ। संविधानले महिलाहरूलाई पैतृक सम्पत्तिमा जन्मसिद्ध समान अधिकारको व्यवस्था गरे पनि सामाजिक सोच र सांस्कृतिक बाध्यताका कारण महिलाहरूले आफ्नो अधिकार प्रयोग गर्न कठिनाइ भोगिरहेका छन्। त्यसमाथि पनि विवाहपछिको अवस्थामा महिलाहरूले ‘दोहोरो सम्पत्ति पायो’ भनेर हेर्ने प्रवृत्ति र महिलाहरूलाई अधिकार बढी भएको छ भन्ने गलत धारणा फैलाइएको छ, जसले गर्दा महिलाको हकलाई हतोत्साहित पार्न कानुनी विवादको आधार नै बनेको छ। परिणामस्वरूप अंशसम्बन्धी मुद्दामा महिलाहरूले आफ्नो हक गुमाउने गरेका छन्। त्यसमा पनि प्रायः २०७२ सालको संविधान वा कानुनी व्यवस्थाको प्रभावकारिताभन्दा अघि विवाह भएका महिलाका लागि झन् बढी चुनौतीपूर्ण छ।

जब पतिको सम्पत्ति पत्नीलाई बाँड्नुपर्ने अवस्था आउँछ, परिवारका सबै सदस्य मिलेर सबै अंशियारलाई समेटेर सम्पत्ति बाँडफाँट गरिन्छ। त्यस्तो अवस्थामा महिलाहरूलाई ‘नाम मात्रको हिस्सा’ दिने प्रचलन छ। यता श्रीमतीले पहिले श्रीमान्को सम्पत्ति कहाँ छ, के छ भन्ने चासो राखेका हुँदैनन्। पछि गएर आफ्नो अधिकारको खोजी गर्दा सम्पत्ति विवरण, कित्ता वा सटीक जानकारी पाउन र कसैले सम्पत्ति लुकाएको वा दबाएको छ भने त्यसको प्रमाण जुटाउनै कठिन हुन्छ। अन्ततोगत्वा कानुनी प्रक्रिया अघि बढाउनै सक्दैनन् र थोरै सम्पत्ति, धेरै जिम्मेवारी हात लाग्छ। तसर्थ महिलाहरूको सम्पत्तिको अधिकारको सुनिश्चितता गर्न प्रभावकारी रूपमा कानुनको कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

महिलाहरूलाई अदालत शुल्क, वडाबाट सिफारिस ल्याउनै सास्ती मात्र होइन, झन्झटिलो, महँगो, समय खपत हुने कानुनी प्रक्रिया छ। त्यसमाथि सरकारी अधिकारीहरूमा पुरुष बढी छन्। अन्य निर्णय प्रक्रियामा सहभागी पक्षहरूमा पनि पुरुषकै प्रभुत्व हुन्छ। यस्तो असमानतासँगै असंवेदनशील र असहयोगी व्यवहारका कारण मैत्रीपूर्ण वातावरणको अभावमा महिलाहरूले मुद्दा लड्न जान आँट गर्दैनन्। केही गरी कोही बाध्य भएर मुद्दा हाले पनि महिलाले हारेका उदाहरण प्रशस्त भेटिन्छन्।

समाज र राज्यको लैङ्गिक समानताको दृष्टिकोणमा अझै पनि महिलालाई ‘बिचरा’, ‘असहाय’ भनेर हेर्ने प्रवृत्तिले महिलाको स्वतन्त्रता र अधिकारलाई कमजोर बनाइएको छ। जसले गर्दा महिला सशक्तीकरणमा कमी र महिलाहरूले निर्णय लिने मामिलामा अझै पनि समस्या रहेको छ।

यस अध्ययनमा सहभागी अधिकांश महिलाहरूको अनुभवले देखाउँछ कि उनीहरूलाई श्रीमान्ले धोका दिई अर्की महिलासँग ‘लिभिङ टुगेदर’ सम्बन्ध कायम गरेका छन्। यद्यपि नेपालको देवानी अपराध संहिता २०७४ ले बहुविवाहलाई अपराध मानेको छ, जसअनुसार वैवाहिक सम्बन्ध कायम रहँदै अर्को विवाह गरेमा त्यो विवाह स्वतः बदर हुन्छ, तर यो प्रावधानले लिभिङ टुगेदर सम्बन्धलाई छुँदैन। लिभिङ टुगेदर वा लुकिछिपी कायम राखिएको सम्बन्धका बारेमा भने स्पष्ट कानुनी प्रावधान नै छैन। बहुविवाहको मुद्दा दर्ता गर्न पीडितले पर्याप्त प्रमाण पेस

**–बाँकी तीन पेजमा**

# गोलबजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### लहान, सिरहा

**मधेश प्रदेश, नेपाल**

## पोखरी ठेक्का सम्बन्धी सूचना

**चौथो पटक प्रकाशित मिति २०८२/०५/०२**

यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय वमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जे जो अवस्थामा छन सोही अवस्थामा नै आ.व. २०८२/०८३ देखी २०८४/०८५ सम्मको लागी माछा तथा मखान उत्पादन गर्ने प्रयोजनको लागी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी कोटेशन दिन सम्वन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) औं दिनसम्म अर्थात मिति २०८२।०५।०८ गतेसम्म कार्यालय समय भित्र उल्लेखित बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखा वाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। साथै बोलपत्र फाराम खरिद गर्दा आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ।

२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्बन्धीत व्यक्तिले पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर पोखरीको नाम, प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ८ (अठौं) औं दिन अर्थात २०८२/०५/०९ गते दिनको १२:०० बजेसम्म खाम यस कार्यालयबाट खरिद गरिएको सिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा नगरपालिकाको कार्यालयमा खोलिने छ। उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा रितपूर्वकको बोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

४. सिलबन्दी बोलपत्र साथ आफूले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नाममा रहेको ग्लोलब आई.एम.ई बैंक शाखा कार्यालय, गोलबजार, सिरहा स्थित (५५०४०१००००१६) घरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राख्नु पर्नेछ।

५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

६. ठेक्का अवधि आ.व. २०८२।०८३ देखि आ.व. २०८४।०८५ सम्मको २०८५ आसार मसान्त सम्म हुनेछ।

७. बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फवाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको बोलपत्रलाई बदर गरिनेछ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८. ठेक्का सम्वन्धि कुनै समस्या आई परेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोही वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारवाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा नगरपालिकाले समाधान गर्ने छ र सोही समाधान अन्तिम पनि हुनेछ।

९. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. आफुले कबोल गरेको सम्पुर्ण अङ्क (स्वीकृत) रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ र यसरी अग्रीम रुपमा सम्झौता गर्दा कै बखत एकमुष्ट बुझाए वापत कार्यालयवाट कबोल अंकको १० (दश) प्रतिशत छुट दिइनेछ। किस्तावन्दी गरेमा छुट हुनेछैन। आफुले कबोल गरेको सम्पुर्ण अङ्क (स्वीकृत) रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ र यसरी अग्रीम रुपमा सम्झौता गर्दा कै बखत एकमुष्ट बुझाए वापत कार्यालयवाट कबोल अंकको १० (दश) प्रतिशत छुट दिइनेछ। किस्तावन्दी गरेमा छुट हुनेछैन र तिन किस्तामा राजस्व जम्मा गर्नुपर्नेछ। पहिलो किस्ता (कबोल अंकको ४०%) रकम सम्झौता गर्ने समयमा बुझाउनु पर्नेछ, दोस्रो किस्ताको (कबोल अंकको ३०%) रकम २०८३ श्रावण मसान्तसम्मा र तेस्रो किस्ता (कबोल अंकको ३० रकम २०८४ श्रावण मसान्तसम्म बझाउनु पर्नेछ। तोकिएको समयमा किस्ता नबुझाए म्याद नाघेको पहिलो सात दिन ५%, पहिलो महिना ७% र त्यस पश्चात मासिक १०% जरिवाना लाग्नेछ। पहिलो किस्ता बाहेक रकम वापत यस कार्यालयको नाममा २०८५ साल असोज महिनासम्मको बैंक ग्यारेण्टी (कार्य सम्पादन जमानत) धितो पेश गरि मात्र सम्झौता गरी पट्टा उठाउन पाउनेछ। म्याद भित्र बैंक ग्यारेण्टी पेश नभएको र सम्झौता नगरेको खण्डमा त्यसपछिको बोलपत्रवालालाई नियमानुसारको प्रकृया अगाडी बढाई दिइनेछ।

११. यसमा उल्लेखित बाहेक अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारित हुनेछन्।

१२. स्वीकृत ठेक्का रकममा नियमानुसार लाग्ने करहरु सम्बन्धीत ठेक्कादारले स्वयम बुझाई सक्कलै भौचर यस कार्यालयको राजस्व शाखामा चालु आर्थिक वर्षमा नै बुझाउनुपर्नेछ।

१३. नगरपालिकालाई नगदी जिन्सी तिर्न बुझाउनु बाँकी रहेको व्यक्ती/संस्था/फर्म/कम्पनीले निवेदन खरिद गर्न पाउने छैन र खरिद गरी ठेक्का स्वीकृत भएपनि पछि रद्द गरिनेछ।

१४. प्रत्येक पोखरीको सिलबन्दी खाम छुटाछुटै दिनुपर्नेछ र खामको बाहिरपट्टी कुन पोखरीको हो खुलाउनु पर्नेछ।

१५. रित नपुगेको तथा म्याद नाघी आएको कोटेशन उपर कुनै कारवाही हुने छैन।

१६. पोखरीको संरचना आफुखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ति ठेक्का लिने व्यक्तिबाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ।

१७. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

१८. रकम कवोल गर्दा तल उल्लेखित न्युनतम ठेक्का रकम भन्दा कम कवोल गर्न पाइने छैन। सबैभन्दा वढी रकम कवोल गर्नेको र रित पुगेको बोलपत्र स्वीकृत हुनेछ।

१९. बोलपत्र सम्वन्धी थप जानकारीको लागि कार्यालय समयमा राजस्व शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ।

**आ.व. ०८२/०८३ देखी ०८४/०८५ सम्म ठेक्का लाग्ने पोखरीहरु**

| क्र.सं. | पोखरीको नाम | ठेगाना | न्यूनतम रकम (भ्याट बाहेक) |
|---|---|---|---|
| १ | खजनपुरीया पोखरी | १ | ४६१२५ |
| २ | डाबर खाता झगरु महतो घर नजिक | १ | ४१२५ |
| ३ | भर्तिवाला बाँध पोखरी | १ | १४२५० |
| ४ | जम्दह-४ का रामकुमार वाला पोखरी | ३ | ४२००० |
| ५ | विष्ट घर निरको पोखरी | ८ | १९७६२५ |
| ६ | गिट्टीवालाको पोखरी | ८ | २५३७५० |
| ७ | मुसहरवा खोला सिंचाई बाँध | ९ | ६००० |
| ८ | मरखाला निरको खाता पोखरी | ९ | ६००० |
| ९ | आ. बलकवा ढांगर टोल | ११ | २६७७५ |
| १० | बेतौना ४ क गाउँब्लक पोखरी | १२ | ५६२५० |
| ११ | बेतौना ५ अर्जिलालवाला पोखरी किता नं. ३१४ | १२ | १९५३७५ |
| १२ | बेतौना ३ ग बेतौना ३ दुर्गा मन्दिर किता नं. १६ | १२ | १५७५०० |
| १३ | बेतौना ४ ग बेतौना ५ मिनहै किता नं. ३० | १२ | २३६२५ |
| १४ | बेतौना-९ क बेतौना ९ हरिदेव महतो किता नं. ३३१ | १२ | ७९२७५ |
| १५ | मैजनिया पोखरी | १३ | ७५७५० |
| १६ | जिम्दार पोखरी | १३ | ३०३७५० |

**गोलबजार नगरपालिका, सिरहा**

# पुल नबन्दा जनताहरु मारमा, कटनिया नदी पार गर्न बाध्य



**मनिषा मण्डल**

सिरहा, २ भदौ। सखुवानन्कारकट्टी गाउँपालिका वडा नम्बर १ कटिया र नवराजपुर वडा नम्बर २ मझौरा विचमा पर्मने कटनिया नदीमा अहिलेसम्म पनि स्थायी पुल नबन्दा स्थानीयवासी दैनिक दुःखकष्ट भोग्न बाध्य भएका छन्। बर्षातको समयमा नदीमा पानीको सतह बढ्दा बालबालिका, विद्यार्थी, वृद्धवृद्धा तथा बिरामीलाई आवतजावत गर्न निकै कठिनाइ हुने गरेको छ। विद्यालय जाने नानीहरूदेखि बजार, कार्यालय र अस्पताल धाउनुपर्ने सर्वसाधारण जनतासम्म नदी पार गर्न ठूलो जोखिम उठाउनुपर्ने बाध्यता छ।

स्थानीयवासीहरूका अनुसार पटक-पटक सरोकारवाला निकायलाई पुल निर्माणका लागि पहल गर्न आग्रह गरिए पनि अझैसम्म कुनै पहल भएको छैन। अस्थायी डुङ्गा र टिनका ड्रम जोडेर बनाइएका पुलमार्फत आवतजावत गर्दा पनि दुर्घटनाको जोखिम उच्च रहेको उनीहरूको भनाइ छ।

सो नदीबाट भारतको वोड सम्म जाने गरेको मार्ग हो तर अहिले वर्षातको समयमा १० किलो मिटर दुरी तय गरेर जानू पर्ने बाध्यता रहेको सखुवानन्कारकट्टी गाउँपालिका वडा नम्बर १ का राम शंकर यादवले दुखेसो पोख्नुभयो।

## नेपालका कानुनले ...

गर्नुपर्छ, तर लिभिङ टुगेदरमा बस्ने जोडीबारे प्रमाण सङ्कलन कठिन हुने भएकाले कानुनी कारबाही अघि बढाउन सकिँदैन। एक सहभागी आमाले भनिन्, 'श्रीमान् अर्कैसँग बस्न थाले, तर कानुनले प्रमाण माग्छ। मसँग न फोटो छ, न त भिडियो। त्यसैले मुद्दा दर्ता नै गर्न सकिनँ।' सबै सहभागीको अनुभव एउटै थियो– अतिरिक्त वैवाहिक सम्बन्धको प्रमाण जुटाउन सकिँदैन, जसले गर्दा कानुनी कारबाही अघि बढाउन असम्भवजस्तै देखिन्छ। यसले अनुसन्धान निकायको प्रभावकारिता र पीडितमैत्री प्रमाण सङ्कलन प्रणालीको आवश्यकता औँल्याउँछ।

विवाह नगरी सम्बन्धमा बस्ने वा सन्तान जन्माउने कुरा व्यक्तिगत स्वतन्त्रताको विषय हो, तर नेपालजस्तो समाजमा विवाहबाहेकका सम्बन्धलाई नकारात्मक रूपमा हेर्ने प्रवृत्ति बलियो छ। यद्यपि कानुनले अप्रत्यक्ष रूपमा लिभिङ टुगेदरलाई सहज बनाएको देखिन्छ। बहुविवाहको कानुनी व्यवस्थाले केवल विवाह दर्तालाई मात्र छेकेको छ। यस्तो अवस्थामा अतिरिक्त वैवाहिक सम्बन्धमा रहेका महिलाहरूका लागि मुख्य समस्या भनेको विवाह दर्ता गर्न मात्र कठिन हो तर त्योबाहेक सन्तान जन्माउन, जन्मदर्ता र 'जन्मजात अधिकार' सुनिश्चित गर्नका साथै छड्के बाटोबाट संयुक्त सम्पत्ति जोड्न खासै कठिनाइ नै छैन।

यस अवस्थाले केही पुरुषलाई 'श्रीमतीसँग सम्बन्धविच्छेद नगरीकन बाहिर अर्को सम्बन्ध राख्ने, सन्तान जन्माउने र सम्पत्ति जोड्ने' मानसिकतामा प्रोत्साहित गरेको देखिन्छ। अर्कोतर्फ लिभिङ टुगेदरमा बस्ने महिलाले विवाहपछि आउने कानुनी–सामाजिक दायित्व र श्रीमान्को अन्य परिवारको जिम्मेवारी लिनुनपर्ने, हिंसा वा शोषणको जोखिमबाट बच्दै पनि यौनसन्तुष्टि, सन्तान जन्माउने र सम्पत्ति जोड्न सक्ने भएकाले यस प्रवृत्तिले विवाहजस्तो परम्परागत संस्थागत संरचनामा चुनौती दिएको छन्र लिभिङ टुगेदरमा बस्नेहरूको संख्या बढ्दो छ। विधिवत् श्रीमतीका रूपमा घरमा रहेका महिलाहरूले घरेलु हिंसाको सिकार भए पनि स्पष्ट कानुनी प्रावधानको अभावले कानुनी लडाइँ लड्न कठिनाइ भोगिरहेका छन्।

सरकारले बहुविवाहको निषेधसम्बन्धी कानुनी प्रावधान केही अवस्थामा खुकुलो बनाएको अवस्थामा यो समस्या अझ गहिरिन सक्ने खतरा छ। यस्तो प्रावधानले लुकिछिपी वा अतिरिक्त वैवाहिक सम्बन्धमा रहेका महिला–पुरुषलाई कानुनी मान्यता दिलाउने सम्भावना बढाउँछ, जसले यस्ता हजारौँ महिलाहरू र उनीहरूका सन्तानलाई थप अन्यायमा पार्नेछ। कानुनले खुलेर दोस्रो विवाहलाई प्रश्रय दियो भने 'श्रीमतीसँग मन मिलेन' भन्ने साधारण बहानामा थुप्रै महिलाहरू घर–परिवारबाट विस्थापित हुनेछन्। यसरी घरबार उजाडिनु, सन्तान टुहुरा बन्नु र महिलाहरू सामाजिक तथा आर्थिक रूपमा झनै कमजोर स्थितिमा धकेलिनेछन्। यस्तो अवस्थामा जिम्मेवारी कसले लिने ?

यस समस्याको समाधान गर्न बहुविवाहलाई कानुनी रूपमा सहज बनाउनेतर्फ होइन, बरु वैवाहिक सम्बन्धमा रहेका महिलाको अधिकार संरक्षण गर्न, पति–पत्नी दुवैको उत्तरदायित्व सुनिश्चित गर्न र कानुनी प्रक्रियालाई सरल, पीडितमैत्री तथा प्रमाण–सङ्कलनको दृष्टिले व्यावहारिक बनाउनतर्फ केन्द्रित हुनुपर्छ। यी महिलाको पीडा बुझेर कानुनी मान्यता दिने, सम्पत्ति अधिकार सुरक्षित गर्ने, सामाजिक सुरक्षा सुनिश्चित गर्ने समय आएको छ। रातोपाटीबाट

## डुङ्गासँगै ...

बगेर बाँचिरहेको छ। कमला नगरपालिका–५ का सहनीको यो पेसा रहरको होइन, बाध्यता बन्न पुगेको छ। सहनी जस्तै कमला नदीको किनारमा जीवन बिताइरहेका माझीहरूको दिनचर्या नदीको बगाइसँगै चल्छ। जसको जीवन, समय, आशा र प्रतीक्षा सबै कमलाकै बहावसँग बाँधिएको छ। बिहान झिसमिसे नहुँदै घाटछेउ पुग्ने र घाम डुबेपछि मात्रै घर फर्कने उनीहरूको जीवनचक्र वर्षौंदेखि उस्तै छ, कहिल्यै नथाक्ने नदी जस्तै।

वर्षा लागेपछि नदीको आकार बढ्छ, जोखिम बढ्छ, यात्रु घट्छन्, तर सहनी 'बा' चाहिँ त्यसै जोखिमलाई आफ्नो दैनिकी बनाएर बाँचेका छन्। "के गर्नु, वर्षाका दुई, चार महिना त हो डुङ्गा चलाउन पाउने", उहाँको स्वरमा थकाइ छैन, बरू जीवनले सिकाएको सहनशीलता छ। केही बेरको मौनतापछि विस्तारै उहाँ अगाडि थप्नुहुन्छ, "सानैदेखि गर्दै आएको काम हो यो। यही घाटमा डुङ्गा खियाउँदै जिन्दगी बित्यो।" हरेक वर्ष, हरेक बर्खा, उहाँको जिन्दगी नदीसँगै बगिरहेको छ, जहाँ न त पुरानो जीवन बाँकी छ, न नयाँ विकल्प खुलेको छ। बाँकी छ त केबल घाट, डुङ्गा र जीवनको अन्तहीन यात्रा।

कमलाको अधुरो पक्की पुल कहिले आउला, कसैलाई थाहा छैन। बाटोहरू सुनसान बन्दैछन्, हुलाकी सडक हुँदै हिँड्ने गाडीहरू घट्दैछन्। तर नदी किनारमा खियाउने डुङ्गाहरू चलाउन थाल्ने माझीहरूको संख्या बढ्दै छ। किनकी विकल्प छैन र जस्तो डुङ्गा नदीमा बग्छ, माझीहरूको जीवन पनि त्यसैगरी बगिरहेको छ, अस्थिर, जोखिमपूर्ण, तर अनवरत। सिराहा–५ का ५२ वर्षीय छेदी मुखियाको दैनिकी पनि बिहानदेखि बेलुकासम्म डुङ्गा चलाउँदै बित्छ। कहिले घाम, कहिले पानी, कहिले नदीको उर्लंदो बहाव सामना गर्नु उहाँको दैनिकी बनेको छ। आँखाले देखुञ्जेल डुङ्गा खियाउन उहाँ व्यस्त हुनुहुन्छ। बाउबाजेदेखि चल्दै आएको डुङ्गा चलाउने पेसालाई अझै निरन्तरता दिइरहनुभएको छ। उहाँ भन्नुहुन्छ, "तीन दशकदेखि यही घाटमा डुङ्गा चलाइरहेको छु। यो त हाम्रो पुर्खाले छोडेको पेसा हो। व्यवसायभन्दा पनि सामाजिक सेवा जस्तो लाग्छ। जुनीभर यही डुङ्गा चलाउँदै बित्यो।"

वर्षायामका करिब चार महिना डुङ्गा चलाएर प्रतिमहिना १५ देखि २० हजार आम्दानी हुने माझीहरू बताउँछन्। त्यसका लागि उनीहरूले डुङ्गाबाट नदी पार गर्दा यात्रुहरूले मोटरसाइकलको सय र व्यक्तिको ५० शुल्क उठाउँदै आएका छन्। त्यही आम्दानीले घर खर्चको साथै डुङ्गा मर्मत गर्नमा खर्च गर्नुपर्ने माझीहरु बताउछन्। अनुभवी माझी मुखियाका अनुसार पछिल्ला तीन दशकमा उहाँले पाँच वटा डुङ्गा फेरिसक्नुभएको छ। "एउटा डुङ्गा बनाउन चारदेखि पाँच लाख रुपैयाँसम्म खर्च लाग्छ", उहाँ सुनाउनुहन्छ, "पाँच वर्ष जति त काम गर्छ, त्यसपछि त काम नलाग्ने थोत्रो हुन्छ।" डुङ्गा फेरिने क्रम र जीवन चलाउने स षर्ष सँगसँगै चलिरहेको छ माझीहरुको। आधुनिक प्रविधिको विकाससँगै अन्य पेसा रोज्ने अवसर भए पनि उनीहरू यो परम्परागत पेसाबाट विमुख भएका छैनन्।

"नौ–दस वर्षको थिएँ, तबदेखि यही घाटमा छु", अर्का माझी रामेश्वर सहनी भन्नुहुन्छ,"बाउबाजेले त महेन्द्र राजमार्ग बन्नुभन्दा पहिले बन्दिपुरतिर डुङ्गा चलाउनुहुन्थ्यो। पुल बनेपछि त्यहाँबाट हटेर हामी यता आएका हौँ।" उहाँको स्वरमा चिन्ता र अनिश्चितता मिसिएको छ। एकातिर पुर्खाबाट चल्दै आएको पेसा छोड्न सकिन्न भन्ने भाव, अर्कोतिर आधुनिकताले विस्तारै धकेलिरहेको वास्तविकता। कमला नदीमा अहिले स्थायी पुल छैन। बन्दै गरेको पक्की पुल निर्माण सम्पन्न नहुँदै भासिएको छ। पुल नहुँदा स्थानीयका लागि डुङ्गा नै आवतजावतको मुख्य माध्यम बनेको छ। रामेश्वर भन्नुहुन्छ, "यहाँ पनि कहिलेसम्म चलाउन पाउने हो थाहा छैन। त्यो भासिएको पुल नउठेसम्म त होला ?"

कमला नदीको साररश्वरनाथ घाटमा दैनिक चार वटा डुङ्गाले यात्रुहरूलाई वारपार गराउँदै आएका छन्। त्यस्तै, हुलाकी सडकअन्तर्गत भासिएको पुलको नजिक बसबिट्टामा दुई वटा डुङ्गा नियमित रूपमा चल्छन्। वर्षायाममा नदीको वहाब बढ्दा माझीहरूलाई ज्यानको जोखिम मोलेर यात्रु पार गराउनुपर्ने बाध्यता हुन्छ। यही कारण माझी समुदायको भूमिका स्थानीयहरूका लागि अत्यन्तै महत्त्वपूर्ण छ। सेवा भावनाले प्रेरित सहनी र मुखिया जस्ता माझीहरू नाफा भन्दा पनि मानवीय कर्तव्यलाई प्राथमिकता दिँदै वर्षौंदेखि यो पेसामा समर्पित छन्। यात्रुका लागि उनीहरु केबल डुङ्गा चालक मात्र होइनन्, दैनिक जीवनका सहजकर्ता हुन्। स्थानीय सोनु यादव भन्नुहुन्छ, "सरकारले वर्षौं बित्दासमेत पुल सम्पन्न गर्न सकेन। तर उहाँहरू (माझी) ले भने एक दिन पनि सेवा रोक्नुभएन। सरकारभन्दा बढी जिम्मेवारी पूरा गरिरहनुभएको छ उहाँहरूले। हामी गाउँलेहर" त उहाँहरूमै भर पर्छौं।"

हुलाकी सडकअन्तर्गत कमला नदीमाथि पक्की पुल बन्ने सपना देखाएको पनि १४ वर्ष नाघिसकेको छ। २०६८ मा सुरु गरिएको चार सय ६९ मिटर लामो पुल निर्माण कार्य तीन वर्षमा सकिने भनिएको थियो। तर त्यो सपना अझै अधुरै छ। हरेक वर्ष बर्खायाम आउँछ, नदीको बहाव बढ्छ, अनि माझीहरूको डुङ्गा जीवन र मृत्युको बचिमा यात्रुहरूलाई पार लगाउनुपर्ने वर्षौंदेखिको नियति दोहोरिरहन्छ।

पप्पु कन्स्ट्रक्सन कालोसूचीमा परेपछि बाँकी जिम्मेवारी लुम्बिनी बिल्डर्सले पाएको थियो। यसबीचमा पनि पटक–पटक म्याद थप्ने काम गरियो। अन्तिम पटकलाई भन्दै गत असार मसान्तसम्म पुल पुनःनिर्माण सम्पन्न गर्ने सर्तमा ठेक्का सम्झौता गरिए कम्पनीले जेठदेखि नै काम रोकिएको छ। हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय, जनकपुरका योजना प्रमुख कृष्णकुमार महतोका अनुसार निर्माण कम्पनीले न म्याद थपको निवेदन दिएको छ, न काम नै अघि बढाएको छ। यसअघि निर्माण कम्पनी र बिमा कम्पनीबिचको विवाद उच्च अदालत पाटनसम्म पुगेको थियो। पुल निर्माणको क्रममा पुलको दुईवटा पाएर भासिएपछि निर्माण कम्पनीले बिमाबापतको रकम दाबी गरेको थियो। बिमा कम्पनीबाट आठ करोड रुपियाँको क्षतिपूर्ति दाबी गरे पनि मुद्दा अझै विचाराधीन अवस्थामा रहेकाले हाल कानुनी परामर्शसहित अगाडिको प्रक्रिया अघि बढाइएको निर्देशनालयका प्रमुख महतोको भनाइ छ।

पुल निर्माणका लागि स्थानीयले पछिल्लो दशकमा पटकपटक स षर्ष गरेका छन्। प्रधानमन्त्रीदेखि मुख्यमन्त्री, विभागीय मन्त्री र सांसदहरूसम्मको ध्यानाकर्षण गराए। सबैबाट स्थानीयले आश्वासन त पाए, तर ती आश्वासन अझै पनि कागजमै सीमित छन्। विडम्बना, वर्षा लाग्नासाथ स्थानीयवासीहरूलाई उही जोखिमपूर्ण डुङ्गा यात्रा गर्नुपर्ने बाध्यता दोहोरिइरहेको छ। बाढीको समयमा नदीको उर्लंदो बहाव र डुङ्गामा यात्रा गर्दा हुने दुर्घटनाको डरले त्रसित स्थानीयहरू सरकारका आश्वासन होइन, आफ्नै माझीहरूको भरोसामा बाँचेका छन्। पुल बन्ला र एकदिन सुरक्षित यात्रा गरौँला भन्ने यहाँका जनताको सपना पुस्तौंदेखि अधुरै छ। देशकै पुरानो हुलाकी मार्ग ओझेलमा पारिएको र जोखिमपूर्ण डुङ्गा यात्रा अझै जारी हुनु यसको प्रत्यक्ष प्रमाण हो। वर्षा लाग्नासाथ, नदी पार गर्ने अन्तिम विकल्प फेरि पनि डुङ्गा नै रहन्छ। नदी, डुङ्गा र जोखिमको यो चक्र माझीहरूको जीवनकै अभिन्न अंश बनिसकेको छ। जबसम्म त्यो भासिएको पुल उठ्दैन, कमलाको किनारमा डुङ्गा चलिरहनेछ। र माझीहरूको जीवन पनि त्यही डुङ्गासँगै नदीजस्तै बगिरहनेछ – अबिराम, अनवरत।

# सहिदको सपना पुरागर्न, एकजुट भएर समाजवादको बाटोमा अगाडि बढ्नु छ : पूर्वमन्त्री साह




**ज्ञान कुमार राय**

सिरहा, २ भदौ । नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र)का स्थायी समिति सदस्य विश्वनाथ साहले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सहिदले देखाएको बाटोमा अगाडि बड्न सम्पूर्णमा अनुरोध गरेका छन् । जिल्ला पार्टीले गोलबजारमा आयोजना गरेकोसहिद रामबृक्ष यादवको ३१ औं स्मृति दिवसलाई सम्वोधनगर्दै शोषणमुक्त, समतामूलक र समाजवादी समाज निर्माणमा एकजुट भएर लाग्न अनुरोध गरेका हुन् । पूर्व मन्त्रीसमेत रहेका नेता साहले सहिद रामबृक्ष यादवले आफ्नो जीवनभर श्रमिक, मजदुर, किसान र उत्पीडित बर्गको अधिकार प्राप्तीको लागि संघर्ष गरेको बताए । सहिद यादवको त्यहि सुझबुझसहितको संघर्षका कारण आत्तिएका प्रतिक्रियावादीहरुले हत्या गरेको साहले स्मरण गरे ।

'सहिद यादवले देखाएको बाटो न्याय, समानता र सामाजिक रुपान्तरणको हो । उहाँले देखेको सपना शोषणमुक्त, समतामूलक समाजवादी समाजको स्थापना हो,' नेता साहले भने, 'हामी आज सहिदहरुले देखेका सपना साकार पर्ने अभियानमा छौं, तर हाम्रो अभियान आज टुट, फुट तथा गुटहरुमा विभाजन भईरहेको छ । यसले हामीले सोचेको र सहिदले देखेको सपना पुरा हुन्न, सहिदको सपना साकार वनाउन व्यक्तिगत स्वार्थभन्दा माथिउठेर, गुटगत मानसिकताबाट मुक्तहुँदै सहकार्य र एकताको बाटोमा आगाडी बढ्नु पर्छ ।'

उनले अहिले पार्टीको सवैतिर आकर्षण बढीरहेको बताए। उनले भने, 'अहिले हाम्रो पार्टीमा आकर्षण बढीरहको छ, धेरै व्यक्तिहरु पार्टीप्रति आकर्षित भईर हेका छन्, अन्य पार्टीहरुसँग एकताको कुराहरु पनि भईरहेको छ, एकता प्रक्रियाले दशैंपछि गति लिने निश्चित छ ।' उनले पार्टीभित्र, त्यसमा पनि पछिल्ला दिनहरुमा मधेशमा गुटहरुले प्रशय पाएको प्रति चिन्ता व्यक्त गरे । पार्टीका जिल्ला इन्चार्ज अजय शंकर नायक 'अभिनास'को अध्यक्षतामा सम्पन्न स्मृति दिवसमा केन्द्रीय सदस्य महेन्द्र पासवानले आफ्ना विचार व्यक्त गरेका थिए। कार्यक्रममा केन्द्रिय सदस्यहरु सीता पोखरेल, दिलिप साह, हरिनारायण चौधर ीलागायतका नेताहरुको उपस्थिति रहेको थियो।

# अध्यक्ष यादवलाई फसाउन खोजेको भन्दै जसपा नेपालको प्रदर्शन



राजविराज, २ भदौ। सरकारले षड्यन्त्र गरेर केन्द्रीय अध्यक्ष उपेन्द्र यादवलाई फसाउन खोजेको भन्दै जनता समाजवादी पार्टी (जसपा) नेपाल सप्तरीका नेता कार्यकर्ताले सोमबार साँझ राजविराजमा टायर बालेर प्रदर्शन गरेका छन्। सर्वोच्च अदालतले सोमबार गौर हत्याकाण्डमा अध्यक्ष यादवसहित १३० जनामाथि छानबिन अघि बढाउन परमादेश जारी गरेपछि उनीहरु आक्रोशित बनेका हुन्। स्थानीय गजेन्द्र चोकमा भेला भएका नेता कार्यकर्ताले भूमि सम्बन्धी अध्यादेश पारित गराउन पार्टीले सरकारलाई समर्थन नगर्दा आफ्ना अध्यक्षलाई फसाउन खोजेको जसपा सप्तरीका अध्यक्ष केदारप्रसाद यादवले आरोप लगाए।

'भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश देश र जनताको हितमा नभई रियल स्टेट, भू–माफिया तथा दलालहरुको पक्षपोषण गर्ने खालको छ,' उनले भने, 'मधेशको वन जंगल, सार्वजनिक जग्गा, आफ्ना पार्टीका कार्यकर्ताहरुमा वितरण गर्ने उद्देश्य बोकेर वर्तमान सरकार ल्याउन लागेको हो, त्यसमा समर्थन नगर्दा हाम्रा अध्यक्षलाई फसाउन षड्यन्त्र स्वरुप गौरकाण्ड अगाडि ल्याइयो।' उनले तत्कालै यो कदम नसच्याइए सशक्त आन्दोलन गर्ने चेतावनी समेत दिएका। 'यो केवल सुरुवात हो, हामीलाई कमजोर नठानियोस्', उनले भने। २०६३ चैत ७ गते गौरस्थित राइसमिल चौरमा तत्कालीन मधेशी जनअधिकार फोरम र माओवादीको मधेशी मुक्ति मोर्चाबीच झडप हुँदा २७ जना माओवादी कार्यकर्ताको मृत्यु भएको थियो।

# मधेश प्रदेशको 'छोरी शिक्षा बीमा कार्यक्रम' स्थगित

धनुषा, २ भदौ। मधेश प्रदेश सरकारले सात वर्ष अगाडि सञ्चालनमा ल्याएको मुख्यमन्त्री 'बेटी पढाउ बेटी बचाउ' योजनाअन्तर्गत 'छोरी शिक्षा बीमा कार्यक्रम' स्थगित गरेको छ। चालू आर्थिक वर्ष २०८२/८३ को बजेटमा छोरी शिक्षा बीमाका लागि बजेट विनियोजन नगरेको शिक्षा विकास निर्देशनालयले जनाएको छ। निर्देशनालयको छोरी शिक्षा बीमा कार्यक्रमकी संयोजक प्रियंका यादवले बजेट अभावमा कार्यक्रम स्थगित भएको बताउनुभयो।

निर्देशनालयबाट प्राप्त विवरण अनुसार छोरी शिक्षा बीमा कार्यक्रम अन्तर्गत अहिलेसम्म १४ हजार ४ सय ५३ जना छोरीको बीमा भएको छ। अहिले १० हजार छोरीको बीमाको प्रिमियम तिर्न बाँकी छ। कार्यक्रम अन्तर्गत १ जनाको बीमा गर्दा ३७ हजार चार सय ५७ रुपैयाँ ३७ पैसा प्रिमियम तिर्नुपर्छ।

## माईग्रेसन हराएको सूचना

यही मिति २०८२।०४।०४ गतेका दिन लहान–६, सिरहा बाट जे.एस. मुरारका क्याम्पस जाने क्रममा नागेन्द्र साह नाम गरेको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

**नाम : नागेन्द्र साह**
**ठेगाना : लहान नगरपालिका–६, सिरहा**
**रजिष्ट्रशन नं.: ७५१६३७०९७**
**सिम्बल नं. ३१६०१६१४**
**मोबाईल नं. :९८०७७९८१८८**

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)